**Embassy of the United States**
**Public Affairs Office**
Kathmandu, Nepal
Tel: 400-7200

कार्तिक २७, २०६४

# अमेरिकामा नेपाली विद्यार्थीहरुको संख्यामा २८ प्रतिशतले बृद्धि

संयुक्त राज्य अमेरिकाका कलेज तथा विश्वविद्यालयहरुमा भर्ना हुने नेपाली विद्यार्थीहरुको संख्यामा २७.९ प्रतिशतले बृद्धि भएको कुरा इन्स्टिच्युट अफ इन्टरनेशनल एजुकेशन (आइ.आइ.इ.) ले जनाएको छ। आइ.आइ.इ. न्युयोर्कस्थित स्वतन्त्र र गैरनाफामुखी संस्था हो। संस्थाको प्रतिवेदन "ओपन डोर्स २००७" का अनुसार शैक्षिक वर्ष २००६-२००७ मा ७,७५४ नेपाली विद्यार्थी भर्ना भएका छन्। अघिल्लो वर्ष यो संख्या ६,०६१ मात्र थियो। यो बृद्धिसंगै अमेरिकामा अध्ययनका लागि जाने विदेशी विद्यार्थीहरुको संख्याको हिसाबले नेपाल तेह्रौं स्थानमा आएको छ।

विद्यार्थीहरुको उपरोक्त संख्या - ७,७५४ - मध्ये ६६.९ प्रतिशत स्नातक तहमा र २६.२ प्रतिशत स्नातकोत्तर तहमा अध्ययनरत छन्।

वर्तमान समयमा पाँच लाखभन्दा बढी विदेशी विद्यार्थी अमेरिकी कलेज तथा विश्वविद्यालयहरुमा अध्ययनरत छन्। यस हिसाबले अमेरिका विदेशी विद्यार्थीहरुका लागि अग्रणी गन्तव्य भएको छ। आइ.आइ.इ. का अनुसार शैक्षिक वर्ष २००६-२००७ मा अमेरिका जाने विदेशी विद्यार्थीहरुको संख्या अघिल्लो वर्षको संख्या ५६४,७६६ मा ३.२ प्रतिशतले बृद्धि भई ५८२,९८४ पुगेको छ।

नेपाललगायत विश्वका विभिन्न देशहरुमा अमेरिकामा अध्ययनका लागि रुचि बढ्दै गएको पाइन्छ। अमेरिकी सरकारले विश्वका १७० देशहरुमा ४५० "एजुकेशन यु.एस.ए." परामर्श केन्द्रहरु सञ्चालनमा सहयोग गरेको छ। यी केन्द्रहरुले अमेरिकामा उच्चशिक्षासम्बन्धी सही, विश्वासिला तथा पूर्वाग्रहरहित सूचना प्रदान गर्दछन्। नेपालमा एउटा मात्रै "एजुकेशन यु.एस.ए." केन्द्र छ, जुन United States Educational Foundation (USEF-Nepal) नामले काठमाडौंको ज्ञानेश्वरमा अवस्थित छ। यो केन्द्रले नि:शुल्क रुपमा परामर्श तथा रिफरेन्स पुस्तकालय सेवाहरु प्रदान गर्दछ। यसका अतिरिक्त यो केन्द्रले फुलब्राइट, हम्फ्रे, तथा इस्ट-वेस्ट सेन्टर फेलोसिपहरुसम्बन्धी कार्यहरु गर्दछ। USEF-Nepal का बारे थप जानकारीका लागि इन्टरनेटमा www.fulbrightnepal.org.np मा हेर्नुहोला।

####